# लुङ्ग्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
वडाचौर, रोल्पा
(लुम्बिनि प्रदेश, नेपाल)

Mbl no.:9857824566/9857877039
Email: lungrimun@gmail.com
website:www.lungrimun.gov.np
www.facebook.com/lungrimun


**राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशन मितिः २०७९।०९।०४

यस कार्यालयको आ.व.२०७९।८० को सशर्त कार्यक्रम अन्तर्गत लुङ्ग्री गाउँपालिकाका विपन्न, एकल, हिंसा पिडीत महिलालाई राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत जीविकोपार्जन सुधार कार्यक्रम मार्फत सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिन, आर्थिक तथा सामाजिक अवसर र लाभ प्रदान गर्न साथै महिलाको उत्थान, सशक्तिकरण गरी राष्ट्रिय विकासमा मूलप्रवाहिकरण गर्नका लागि जीविकोपार्जन सुधार कार्यक्रम संचालन सम्बन्धि मापदण्ड ,२०७७ को परिच्छेद ३ को दफा ६ बमोजिमको व्यवसाय क्षेत्रको परिधिभित्र रही इच्छुक संस्था एवम सहकारी संस्थाहरुले देहाय बमोजिमको प्रक्रिया पुरा गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

१. प्रचलित नियम अनुसार दर्ता भई कार्य संचालनमा रहेका संस्था एवम सहकारी संस्थाले राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत जीविकोपार्जन सुधार कार्यक्रम संचालन सम्बन्धि,२०७७ को अनुसूची २ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नु पर्ने छ । मापदण्ड यस कार्यालयको Website-www.lungrimun.gov.np मा उपलब्ध छ ।
२. प्रस्ताव मुल्याङ्कन र छनौट राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत जीविकोपार्जन सुधार कार्यक्रम संचालन सम्बन्धि मापदण्ड ,२०७७ बमोजिम हुनेछ ।
३. कार्यक्रम संचालनको प्रस्ताव आव्हानको सूचना प्रकाशन हुनु अगावै कानुन बमोजिम दर्ता भई कार्यसञ्चालन गरिरहेको संस्थाले मात्र प्रस्ताव पेश गर्न सक्नेछन्।
४. प्रस्ताव पेश गर्ने संस्थाले प्रचलित कानुन बमोजिम संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नं. वा मु.अ.क दर्ता प्रमाण पत्र, गत आ.व को करचुक्ता प्रमाणपत्र र लेखापरिक्षण प्रतिवेदन पेश गर्नु पर्ने छ साथै राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत जीविकोपार्जन सुधार कार्यक्रम संचालन सम्बन्धि मापदण्ड, २०७७ को दफा १० को उपदफा २ बमोजिम सम्पुर्ण विवरण खुलाई कागजात पेश गरेको हुनुपर्ने छ ।
५. रित नपुगी आएको र तोकिएको समय सिमा भित्र पेश नभएको प्रस्ताव दर्ता हुने छैन ।
६. अन्य सम्पुर्ण कार्य संचालन प्रक्रिया राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत जीविकोपार्जन सुधार कार्यक्रम संचालन सम्बन्धि मापदण्ड २०७७ बमोजिम हुनेछ ।
७. विस्तृत जानकारीको लागि लुङ्ग्री गाउँपालिका महिला तथा बालबालिका शाखामा सम्पर्क (मोबालइ नंम्बर ९८४७९८२६१९) राख्नुहुन अनुरोध गरिन्छ ।

२०७९।९।४

धर्मराज बुढा
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री सूचना प्रविधि शाखाः वेवसाइटमा अपलोड गरिदिनुहुन।